# खुम्बु पासाङल्हामु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

चौरीखर्क, सोलुखुम्बु, कोशी, नेपाल।

# स्थानीय राजपत्र


खण्डः ६ संख्याः ११ मितिः २०७९/०४/१५

पहिलो संशोधन मितिः २०८१/०९/२३


## भाग-२

## खुम्बु पासाङल्हामु गाउँपालिका

## नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१

आज्ञाले,

जगत प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत

## नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१

**प्रस्तावनाः** यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकहरुको स्वास्थ्य सुरक्षालाई ध्यान दिंदै यस गाउँपालिकालाई स्वस्थ नागरिक निरोगी गाउँपालिका बनाउने उद्देश्यले जटिल प्रकृतिका रोगबाट पीडित नागरिकहरु, **आकस्मिक उद्धार गरिएका बिरामीहरू, दिर्घरोगीहरु, रष्ट्रसेवक कर्मचारी तथा शिक्षक, गाउँपालिका भित्रका अस्पतालहरुमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुले प्रेषण गरेका गम्भीर प्रकृतिका शल्यक्रिया गर्नुपर्ने रोगहरु र अस्पतालमा भर्ना गरी उपचार गर्नुपर्ने रोगहरूको* समयमै उपचार होस् भन्ने ध्येयका साथ स्वास्थ्य सेवा उपचार कोष सञ्चालन कार्यविधि, २०७९ बनाई लागू गर्न वाञ्छनीय भएकोले स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ को दफा ३७ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ ले दिइएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि पारित गरी लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नामः नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन **(पहिलो संशोधन) कार्यविधि, २०८१* रहेको छ।

(२) यो कार्यविधि खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिका बैठकबाट पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः—

(१) "कार्यविधि" भन्नाले गाउँपालिकाको नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन कार्यविधि, *२०८१* लाई सम्झनु पर्दछ।

(२) "कोष" भन्नाले नागरिक स्वास्थ्य उपचार सेवा कोषलाई सम्झनु पर्दछ।

**(३) "जटिल रोग" भन्नाले विश्व स्वास्थ्य संगठनले परिभाषित गरेका नेपाल सरकारले उच्च प्राथमिकतामा राखेका क्यान्सर, मृगौला सम्बन्धी रोग, मुटु रोग, पार्किन्सन्स एण्ड अल्जाइमर्स, सिक्कल सेल एनेमिया र टाउको तथा मेरुदण्ड सम्बन्धी जटिल प्रकृतिका रोगहरुलाई सम्झनु पर्दछ।*

**(४) "अन्य रोग" भन्नाले यस गाउँपालिका भित्रका अस्पतालहरुमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुले प्रेषण गरेका गम्भीर प्रकृतिका शल्यक्रिया गर्नुपर्ने रोगहरु र अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने रोगहरुलाईलाई सम्झनु पर्दछ।*

**(५) "आकस्मिक उद्धार" भन्नाले आकस्मिक अवस्था वा आपतकालीन परिस्थितिमा परेका व्यक्तिहरूलाई तुरून्तै उद्धार गर्ने कार्यलाई सम्झनु पर्दछ। यसले विभिन्न आपतकालीन अवस्थामा (जस्तैः दुर्घटना, आगलागी, बाढी, भूकम्प, पहिरो, हिमपहिरो, वा अन्य प्राकृतिक तथा मानवद्वारा सृजित विपदमा मानव जीवन जोगाउन गरिने उद्धार उद्धार क्रियाकलापहरू समेट्छ।*

(६) "व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठन भएको नागरिक स्वास्थ्य उपचार सेवा कोष व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(७) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झनु पर्दछ।

(८) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामू गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

** पहिलो संशोधन द्वारा थप गरिएको*

(९) "उपाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामू गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खुम्बु पासाङल्हामू गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(११) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(१२) "विपन्न बिरामी नागरिक" भन्नाले गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने व्यवस्थापन समितिले तोकेको र नेपाल सरकारले जारी गरेको गरीब परिचय पत्रवाहक विपन्न बिरमी नागरिकलाई सम्झनु पर्दछ।

(१३) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो कार्यविधि र यस अन्तर्गत रही बन्ने निर्देशिकामा तोकिएको कुरालाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## उद्देश्य र मापदण्ड

**३. उद्देश्यः** यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकहरुलाई जटिल प्रकृतिका रोगहरुको उपचार गर्न नसक्ने अवस्था भएका बिरामीहरु, *∗दिर्घरोगीहरु, रष्ट्सेवक कर्मचारी तथा शिक्षक, यस गाउँपालिका भित्रका अस्पतालहरुमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुले प्रेषण गरेका गम्भीर प्रकृतिका शल्यक्रिया गर्नुपर्ने रोगहरु र अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने बिरामीहरुलाई* उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले यो कोषको स्थापना गरिएको हो।

**४. औषधि उपचार खर्च उपलब्ध गराइनेः**

(१) यस गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने नागरिकलाई क्यान्सर, मृगौला सम्बन्धी रोग, मुटु रोग, पार्किन्सन्स एण्ड अल्जाइमर्स, सिक्कल सेल एनेमिया र टाउको तथा मेरुदण्ड सम्बन्धी जटिल प्रकृतिका रोगहरु, *∗आकस्मिक उद्धार गरिएका बिरामीहरू तथा गाउँपालिका भित्रका अस्पतालहरुमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुले सिफारिस गरेका गम्भीर प्रकृतिका शल्यक्रिया गर्नुपर्ने र अस्पतालमा भर्ना भई उपचार गर्नुपर्ने रोग लागेमा देहाय बमोजिमका अस्पतालहरुले गरेको सिफारिसको आधारमा गाउँपालिका बाहिरका सुविधा सम्पन्न स्वास्थ्य संस्थामा थप औषधि उपचार गर्नको लागि दश लाख रुपैयाँसम्मको औषधी उपचार खर्च उपलब्ध गराइनेछ । तर देश बाहिरा गरिएको उपचारको हकमा कुनै प्रकारको औषधि उपचार खर्च उपलब्ध गराइने छैन।*

(२) सिफारिसका लागि तोकिएका अस्पताल तथा स्वास्थ्य संस्थाहरु

(क) खुन्दे अस्पताल, खुम्बु पासाङल्हामु गाउँपालिका-४, खुन्दे, सोलुखुम्बु।

(ख) पासाङल्हामू निकोल निक्की अस्पताल, खुम्बु पासाङल्हामु गाउँपालिका-२, लुक्ला, सोलुखुम्बु।

(ग) खरिखोला आधारभूत अस्पताल, खुम्बु पासाङल्हामु गाउँपालिका-१, खरिखोला, सोलुखुम्बु।

(घ) हिमालयन शेर्पा अस्पताल, खुम्बु पासाङल्हामु गाउँपालिका-३, टोकटोक, सोलुखुम्बु।

(ङ) स्वास्थ्य चौकी चौरीखर्क, खुम्बु पासाङल्हामु गाउँपालिका-३, नाचिपाङ सोलुखुम्बु।

(च) नाम्चे ओम होङ्गिल सामुदयिक अस्पताल, खुम्बु पासाङल्हामु गाउँपालिका-५, नाम्चे, सोलुखुम्बु।

(छ) खुम्जुङ स्वास्थ्य चौकी, खुम्बु पासाङल्हामु गाउँपालिका-४, पाङबोचे, सोलुखुम्बु।

*∗(३) जटिल रोगको पहिचान भई उपचार गराइरहेका र दीर्घरोगीहरुको हकमा स्थानीय अस्पतालहरुले सिफारिस नगरेतापनि उनीहरुलाई दफा ४ (१) को सुविधाबाट वञ्चित गरिने छैन।*

*∗पहिलो संशोधन द्वारा थप गरिएको*

**(४)* जटिल रोग भनी पहिचान भएका बाहेक गाउँपालिका भित्रका अस्पतालहरुमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुले सिफारिस गरेका गम्भीर प्रकृतिका शल्यक्रिया गर्नुपर्ने र अस्पताल भर्ना भइ उपचार गर्नु पर्ने रोगको हकमा उपचार खर्च प्राप्त गर्नको लागि दफा ४ (२) मा तोकिएका स्वास्थ्य संस्थाहरूको सिफारिस अनिवार्य हुनेछ।*

(५) यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने जटील रोगका बिरामी नागरिकहरु कोषका मुख्य लाभग्राही रहनेछन्।

(६) जटिल रोग लागेको वा दीर्घरोगीको हकमा तत्काल उद्धार गरी विशेष उपचार गर्नुपर्ने भनी माग आएमा बिरामीको अवस्था बुझ्नको लागि दफा ४ को उपदफा २ मा तोकिएका अस्पतालबाट पठाएको चिकित्सकको सल्लाह बमोजिम गरिनेछ । स्थानीय स्तरमा चिकित्सक उपलब्ध नभएको अवस्थामा सुविधा सम्पन्न स्वास्थ्य संस्थासंग समन्वय गरी टेलीमेडिसिन सेवामार्फत सल्लाह लिई सोही बमोजिम गर्न सकिनेछ।

(७) उपदफा ६ बमोजिम चिकित्सकले स्थलगत वा टेलीमेडिसिन सेवामार्फत बिरामीको अवस्था हेरी तुरुन्तै थप विशेष उपचार सेवा उपलब्ध गराउनु पर्ने भनी सिफारिस भएमा उद्धार वापत लाग्ने यातायात खर्च समेत दफा ४ को उपदफा १ ले तोकेको खर्चको परिधिभित्र रही उपलब्ध गरिनेछ।

**५. सेवा लिने प्रक्रियाः** यस कोषका लाभग्राहीहरुले देहायका प्रक्रियाहरु पूरा गरी सहुलियत लिन सक्नेछः

(क) लाभग्राहीहरुले आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा बाहेक दफा ४ (२) का अस्पतालहरुमा नियमित स्वास्थ्य जाँचको क्रममा यस कार्यविधिले तोकेको रोगहरुको लक्षण देखिएको अवस्थामा चिकित्सकहरुको सिफारिस सहित अनुसूची-२ बमोजिमको ढाँचामा व्यवस्थापन समिति समक्ष निवेदन पेश गर्नुपर्नेछ।

(ख) दफा ५ (क) बमोजिमको निवेदनको साथमा देहायबमोजिमका कागजातहरु संग्लन गर्नु पर्नेछः

**(१)* अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट प्रेषण गरेको पत्र,*

**(२)* रोग पहिचान भएको चिकित्सकको प्रिक्रिप्सन वा अस्पतालमा भर्ना भएको पुर्जा,*

**(३)* नागरिकताको प्रमाण पत्र वा मतदाता परिचय पत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलीपि)*

**(४)* वडा कार्यालयको सिफारीस पत्र,*

*(५) खर्चको विवरण उल्लेख गरेको डिस्चार्ज सारांश (Discharge Summary),

(ग) कुनैपनि कारणवश आकस्मिक उद्धार सेवा आवश्यक परेको अवस्थामा लाभग्राहीले व्यवस्थापन समितिका पदाधकारी वा गाउँपालिका कार्यालय वा वडाध्यक्ष र वडा सदस्यहरु वा सम्बन्धित निकायमा छिटो र भरपर्दो माध्यमबाट सेवा माग गर्नु पर्नेछ।

**(घ)* आकस्मिक उद्धार सेवा प्राप्त गरेका लाभग्राहीले दफा ५ (क) र (ख) बमोजिमको कागजात उद्धार गरेको मितिले १५ दिनभित्र व्यवस्थापन समिति वा गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ।

(ङ) मृगौला प्रत्यारोपण गर्ने बिरामी नागरिकले प्रत्यारोपण पूर्व गरिने अंगदाता र ग्रहणकर्ताको प्रयोगशाला परीक्षण र प्रत्यारोपण पश्चात् औषधी सेवन सहुलियत पनि तोकिएको अस्पतालबाट नै हुनेछ।

(च) थप उपचार सेवाका लागि प्रेषण भएका बिरामी नागरिकले सम्बन्धित अस्पतालको सिफारिसमा प्रेषण गरिएको अस्पतालमा उपचार सेवा सुनिश्चितता भएपश्चात् व्यवस्थापन समितिलाई सम्पर्क राख्न सकिनेछ।

** पहिलो संशोधन द्वारा थप गरिएको*

## परिच्छेद-३

## व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः

६. **व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः** कोषको सञ्चालन गर्न तथा नागरिक स्वास्थ्य उपचार सेवालाई दिगो र प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमका पदाधिकारिहरु रहने गरी व्यवस्थापन समिति गठन गरिनेछः

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | — संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | — सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | — सदस्य |
| (घ) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | — सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | — सदस्य |
| (च) आर्थिक प्रशासन शाखा प्रमुख | — सदस्य |
| (छ) स्वास्थ्य शाखा प्रमुख वा सो कार्यको जिम्मेवारी प्राप्त कर्मचारी | —सदस्य सचिव |

७. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकहरुलाई जटिल प्रकृतिका रोगी दिर्घरोगी र स्थानीय स्तरका अस्पतालहरुमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुले रिफर गरेका बिरामीहरुलाई अस्पतालले जारी गरेको विल बमोजिमको अधिकतम दश लाख रूपैयाँ भन्दा नबढ्ने गरी उपचार खर्च उपलब्ध गराउने।

(२) काठमाण्डौं तथा अन्य सुविधा सम्पन्न सहरी क्षेत्रमा रहेका जटिल रोगहरुसँग सम्बन्धित अस्पतालहरुसँग समन्वय र दुई पक्षीय सम्झौता गरी बिरामीको उपचारलाई सुलभ बनाउने।

(३) जटिल प्रकृतिका रोगहरु लागी लामो समय सम्म उपचार गराउनु पर्ने बिरामीहरुलाई यस गाउँपालिकासँग भगिनी सम्बन्ध कायम भएका नगरपालिकाका अस्पतालसँग सहयोग र समन्यवय गरी बिरामीको उपचारलाई सुलभ बनाउने।

(४) स्वास्थ्य सेवा उपचार कोषका रकम जम्मा गर्न चाहने गैरसरकारी संघ-संस्था, साझेदार निकाय, संघीय सरकार, प्रदेश सरकार तथा अन्य सहयोगी संस्थाहरुसँग सहकार्य र साझेदारी गर्न पहल गर्ने।

(५) यस कोषलाई आर्थिक रुपले मजबुत बनाउन दुई पक्षीय छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

(६) यस कार्यविधिको दफा २ (३) मा परिभाषित गरेका जटिल रोगहरु बाहेक गम्भीर प्रकृतिका शल्यक्रिया गर्नुपर्ने भनी स्थानीय स्तरका अस्पतालका चिकित्सकहरुले रिफर गरेका बिरामीहरुलाई निजहरुको आर्थिक अवस्था हेरी आवश्यक रकम उपलब्ध गराउने।

(७) यस गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुलाई विभिन्न किसिमका रोगहरुबाट बच्न जनचेतनामुलक कार्यक्रम तथा स्वास्थ्य शिविरहरु सञ्चालन गर्न आवश्यक पहल गर्ने।

(८) संघीय सरकारले सञ्चालन गरेको स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र पहल गर्ने।

(९) यस कोषबाट आर्थिक बर्ष भित्र भएको खर्च र आम्दानीको विवरण सार्वजनिक गर्ने।

(१०) यस कार्यविधिमा उल्लेखित उद्देश्य प्राप्तिका लागि अन्य कार्यहरु गर्ने।

८. सम्पर्क केन्द्र स्थापना गनुपर्नेः यस कार्यविधि बमोजिमका लाभग्राहीहरु व्यवस्थापन समिति बीच प्रभावकारी समन्वय र सेवा प्रवाहमा सहजता ल्याउनको लागि गाउँपालिका कार्यालय, वडा कार्यालय र अन्य आवश्यक स्थानहरुमा सम्पर्क केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

**९. स्वास्थ्य शाखाको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा स्वास्थ्य शाखाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम सेवा सुविधा लिन आएका बिरामीहरूको विवरण तयार पार्ने कार्य स्वास्थ्य शाखा प्रमुख वा स्वास्थ्य शाखा प्रमुखको जिम्मेवरी प्राप्त कर्मचारीको हुनेछ।

(ख) उपदफा (क) बमोजिम जिम्मेवारी लिएका कर्मचारीले अनुसूचि-२ बमोजिम विवरण तयार पारी दफा ६ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ।

(ग) यस कार्यविधि बमोजिम नागरिकले प्राप्त गरेको स्वास्थ्य उपचार सेवाको सम्पूर्ण कागजातहरूको अभिलेख राख्ने दायित्व स्वास्थ्य शाखा प्रमुख वा स्वास्थ्य शाखा प्रमुखको जिम्मेवारी प्राप्त कर्मचारीको हुनेछ।

**१०. अस्पतालको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा तोकिएका अस्पतालहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम सिफारिस भई आएका बिरामी नागरिकहरुको अभिलेख विद्युतीय प्रविधिमा अलग अलग फाइल खडा गरी अनिवार्य रुपमा राख्नु पर्नेछ।

(ख) सिफारिस भई आएका बिरामी नागरिकहरुलाई सम्बन्धित चिकित्सक समक्ष प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) दश लाख रुपैयाँसम्मको खर्च परिधिमा रही बिरामी नागरिकलाई चिकित्सकको सल्लाह बमोजिम आवश्यक पर्ने औषधी, औषधीजन्य सामग्री, निदानात्मक सेवा, शल्यक्रिया, शैया प्राथमिकता क्रम अनुसार राखी उपलब्ध गराउनु पर्नेछ।

(घ) बिरामी नागरिकको उपचार सेवामा लागेको खर्चको सोधभर्ना माग गर्दा माग गरिएको रकम बराबरको बिल भरपाईं र उपचारसंग सम्बन्धित कागजात विद्युतीय माध्यम र सक्कलै प्रतिसमेत पेश गर्नु पर्नेछ।

(ङ) बिरामी डिस्चार्ज हुँदा तोकिएको रकममध्ये के कति रकम बराबर उपचार सेवा प्रदान गरिएको हो सोको विस्तृत जानकारी लिखित रुपमा उपलब्ध गराउनु पर्नेछ।

(च) बिरामी नागरिक वा निजको नाता खुल्ने व्यक्ति कुरुवा र चिकित्सक वा नर्सलाई प्रत्येक बिलमा दस्तखत गराई बिरामी नागरिकको फाइलमा राख्नु पर्नेछ।

(छ) गाउँपालिकाबाट कुनैपनि प्राविधिक कारणले सोधभर्ना रकम प्राप्त हुन ढिला भएको अवस्थामा पनि सेवा अवरूध्द गर्न पाइने छैन।

(ज) थप उपचारार्थ अर्को अस्पतालमा प्रेषण गर्नु पर्ने भएमा प्रेषण गर्ने अस्पतालमा बिरामीको उपचार हुने सुनिश्चित गर्नु पर्नेछ।

(झ) मृगौला प्रत्यारोपणपश्चात् औषधी सेवन गर्ने बिरामीहरुको लागि आवश्यक पर्ने औषधीको व्यवस्था तोकिएको खर्च सीमाभित्र रही सम्बन्धित अस्पतालले गर्नु पर्नेछ।

(ञ) बिरामी नागरिकलाई सेवा उपलब्ध गराइसकेपछि तोकिएको खर्च रकमको सीमा सकिएपछि पनि थप उपचार गराउनु पर्ने भएमा साविकको सहुलियत दररेटमा नै गर्नु पर्नेछ।

## परिच्छेद-४

## कोषको व्यवस्था

**११. कोषको स्थापनाः**

(१) यस गाउँपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरु र ⁎*राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरु यस गाउँपालिका भित्रका अस्पतालहरुमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुले प्रेषण गरेका गम्भीर प्रकृतिका शल्यक्रिया गर्नुपर्ने रोगहरु र अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने बिरामीहरुलाई* सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय स्तर र दातृनिकायसंगको समन्वय र सहयोगमा स्रोत संकलन र सञ्चालन गर्न नागरिक स्वास्थ्य उपचार सेवा कोषको स्थापना गरिनेछ।

(२) यस कोषमा प्राप्त रकम आम्दानीको रुपमा रहनेछ र व्यय रकम परिचालनको लागि गाउँपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ।

(३) उपचारको क्रममा अस्पतालमा लागेको खर्च मात्र यस कोषबाट उपलब्ध गराइनेछ र त्यस्तो खर्च तोकिएका अस्पतालहरुले जारी गरेको विल विजकको आधारमा मात्र उपलब्ध गराइनेछ।

(४) यस कार्यविधिले परिभाषित गरिएका बिरामीहरुलाई मात्र औषधी उपचार खर्च उपलब्ध गराइनेछ।

⁎*(५) उपचारको क्रममा स्थानीय स्वास्थ्य संस्थाहरुबाट अनिवार्य प्रेषण गरिएको हुनु पर्ने छ।*

⁎*(६) नेपाल सरकारले उच्च प्राथमिकतामा राखेका क्यान्सर, मृगौला सम्बन्धी रोग, मुटु रोग, पार्किन्सन्स एण्ड अल्जाइमर्स, सिक्कल सेल एनेमिया र टाउको तथा मेरुदण्ड सम्बन्धी जटिल प्रकृतिका रोगको उपचार गरेकालाई सरकारी अस्पतालमा गइ उपचार गराएमा उपचार गर्दा लागेको कुल खर्चको १०० प्रतिशत, जटिल रोग बाहेक अन्य रोगको हकमा सरकारी अस्पतालमा गइ उपचार गराएमा ७५ प्रतिशत, जुनसुकै रोग लागेको भएतापनि सरकारी अस्पताल बाहेक अन्य अस्पतालमा गइ उपचार गरेको हकमा ५० प्रतिशत, राष्ट्र सेवक कर्मचारी तथा अन्य सेवा सुबिधा लिइरहेको हकमा ५० प्रतिशत र विपन्न नागरिकको हकमा १०० प्रतिशत खर्च बेहोर्नेछ।*

**१२. कोषको आम्दानीः** यस कोषमा देहाय बमोजिमका रकमहरु आम्दानीका रुपमा जम्मा हुनेछः

(१) गाउँपालिकाको वार्षिक बजेट मार्फत कोषमा जम्मा गर्न स्विकृत रकम,

(२) स्वदेशी तथा विदेशि संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम,

(३) स्वास्थ्य उपचार कोषमा जम्मा हुने गरी कुनै साझेदार निकायबाट प्राप्त रकम,

(४) यस कोषमा जम्मा हुने गरी नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(५) कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले वचत रहेको रकममा उपलब्ध गराउने ब्याज रकम,

(६) प्रचलित कानुनको अधीनमा रही कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम,

**१३. कोषको प्रयोगः**

(१) यस कोषमा जम्मा भएको रकमको खर्च गर्न व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ तर कुनै कारणवश तत्काल बिरामीलाई उपचारमा सहयोग पुर्याउनु पर्ने अवस्था आएमा र तत्काल समितिको बैठक बस्न नसक्ने विषम परिस्थिति आएको अवस्थामा समितिको संयोजकबाट निर्णय गराएर खर्च गर्न सकिनेछ त्यस्तो निर्णय समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

⁎ *पहिलो संशोधन द्वारा थप गरिएको*

**(२) यस कोषबाट दफा (४) अनुसार उपचार खर्च प्रदान गर्दा एकै पटक वा पटक-पटक गरी जीवन भरीमा रु १० (दश) लाख रुपैया मात्र उपलब्ध गराईनेछ ।*

**१४. कोषको सञ्चालनः** यस कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखासँग सम्बन्धित कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

## परिच्छेद-५

## विविध

**१५. व्याख्याः** यो कार्यविधिको र कार्यविधि अन्तर्गत बनेको निर्देशिकाहरुको व्याख्या गर्ने अधिकर गाउँ कार्यपालिकालाई हुनेछ।

**१६. बचाउः**

१. यस कार्यविधिमा लेखिएका कुरामा यसै कार्यविधि बमोजिम र सो बाहेकका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२. यस कार्यविधिमा लेखिएका बुँदाहरु प्रचलित ऐन, कानूनसंग बाझिएमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ।

**१७. कार्यविधि संशोधनः** यो कार्यविधि आवश्यकतानुसार वा समयानुकूल गाउँ कार्यपालिकाले संशोधन/थपघट गर्न सक्नेछ।

आज्ञाले,
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

** पहिलो संशोधन द्वारा थप गरिएको*

**अनुसूची-१**

(दफा ५ (क) सँग सम्बन्धित)

आवेदन फारम

**मितिः** .........................

श्रीमान् संयोजकज्यू,

नागरिक उपचार सेवा कोष व्यवस्थापन समिति

खुम्बु पासाङल्हामु गाउँपालिका-३, चौरीखर्क, सोलुखुम्बु ।

**विषयः** उपचार सेवा सम्बन्धमा ।

देहायको विवरण र संलग्न कागजातको आधारमा खुम्बु पासाङल्हामु गाउँपालिकाको नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन कार्यविधि, २०७९ को दफा (४) बमोजिम उपचार खर्च उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

**१. वैयक्तिक विवरणः**

**बिरामीको नामः** ........................................ **उमेरः** .... वर्ष **लिङ्गः**

**स्थायी ठेगानाः** खुम्बु पासाङल्हामु गाउँपालिका, वडा नं. .... **गाउँ/टोलः** .............

**नागरिकता नं.** ............. **जम्मा परिवार संख्याः** महिलाः ..... पुरुषः .....जम्माः

**२. आयश्रोतः**

**पेशा व्यवसायः** कृषि-चिया पसल-रेष्टुरेन्ट-होटेल-ट्रेकिङ-पर्वतारेहण-नोकरी-श्रमिक-अन्य.............

**३. रोगको किसिमः** क्यान्सर-मृगौला सम्बन्धी रोग-मुटु रोग-पार्किन्सन्स एण्ड अल्जाइमर्स -सिक्कल सेल एनेमिया-टाउको तथा मेरुदण्ड सम्बन्धी जटिल प्रकृतिका रोग-अन्य ..................................................

**४. संलग्न कागजातहरुः**

१. चिकित्सकको सिफारिस, अस्पतालमा भर्ना भएको पत्र, २. डिस्चर्ज सरांश ३. नागरिकताको प्रमाण पत्र ४. मतदाता परिचय पत्र ५. नाबालकको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलीपि ६. विपन्न बिरामी नागरिकको हकमासम्बन्धितवडाको सिफरिस वा नेपाल सरकारले उपलब्ध गराएको गरीब परिचय पत्रको प्रतिलीपि, ७. बैक खाताको विवरण

**५. उपचारको लागि सिफारिस गरेको अस्पतालः** ...........................................

६. उपरोक्त बमोजिमको व्यहोरा साँचो हो झूठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदकः**

**नामः** .........................................

**बिरामीसंगको नाताः** .............................

दस्तखतः ..........................

मितिः ..............................

सम्पर्क नं. ...........................

(दफा ५ (क) सँग सम्बन्धित)

वडा कार्यालयले सिफारिस फारम

**मितिः** ..........................

श्रीमान् संयोजकज्यू,

नागरिक उपचार सेवा कोष व्यवस्थापन समिति

खुम्बु पासाङल्हामु गाउँपालिका-३, चौरीखर्क, सोलुखुम्बु ।

**विषयः** सिफारिस गरिएको सम्बन्धमा ।

खुम्बु पासाङल्हामु गाउँपालिका- ... निवासी श्री/श्रीमती .................................ना. प्र. नं. ......... बाट प्राप्त निवेदनमा संलग्न विवरण अनुसार खुम्बु पासाङल्हामु गाउँपालिकाको नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन कार्यविधि, २०७९ को दफा (४) बमोजिम उपचार खर्च उपलब्ध गराउन मनासिव देखिएको हुँदा उपचार खर्च उपलब्ध गराइदिनु हुन सिफारिस गर्दछु ।

**सिफारिस गर्नेकोः**

दस्तखतः ...................................

नामः .........................................

पदः वडाध्यक्ष

खुम्बु पासाङल्हामु गाउँपालिका- ....

मितिः .....................................

छापः

**अनुसूची-२**

नागरिकलाई स्वास्थ्य उपचार सेवाको लागि सिफारिस गरिएको प्रतिवेदन फारम

खुम्बु पासाङल्हामु गाउँपालिका

गाउँ कार्यपाकिको कार्यालय,

चौरीखर्क, सोलुखुम्बु ।

**नागरिकलाई स्वास्थ्य उपचार सेवाको लागि सिफारिस गरिएको प्रतिवेदन फारमः**

आर्थिक वर्ष २०....... साल .................... महिनाको प्रतिवेदन

| क्र.सं. | बिरामीको नाम | उमेर | लिङ्ग | | | नागरिकता प्रमाणपत्र/जन्म दर्ता नं. | ठेगाना | रोगको किसिम | सिफारिस गरिएको अस्पताल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | अन्य | | | | | |
| | | | | | | | | | | |

**तयार गर्नेः**

नामः

पदः

दस्तखतः

मितिः

**सदर गर्नेः**

नामः

पदः

दस्तखतः

## अनुसूची-३

नागरिकलाई स्वास्थ्य उपचार सेवाको लागि सिफारिस गरिएको प्रतिवेदन फारम

खुम्बु पासाङल्हामु गाउँपालिका

गाउँ कार्यपाकिाको कार्यालय,

चौरीखर्क, सोलुखुम्बु ।

**नागरिकलाई स्वास्थ्य उपचार सेवाको लागि सिफारिस गरिएको प्रतिवेदन फारमः**

आर्थिक वर्षः ..................... को वार्षिक प्रतिवेदन मितिः

| क्र.सं. | सिफारिस गरिएको अस्पताल | सिफारिस गरिएको संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मुटु | क्यान्सर | मृगौला | पार्किन्सन्स | अल्जाइमर्स | हेड इन्जुरी | स्पाइनल इन्जुरी | सिकल सेल एनिमिया |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**तयार गर्नेः**

नामः

पदः

दस्तखतः

मितिः

**सदर गर्नेः**

नामः

पदः

दस्तखतः

मितिः